# तेस्रो अन्तर्राष्ट्रिय तामाङ सम्मेलन

# काठमाडौं घोषणापत्र २०१३

काठमाडौंमा २०५९ पौष ४-७ गते सम्पन्न प्रथम अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्वारा पारित काठमाडौं घोषणापत्रको मूल मर्म, लक्ष्य, सिद्धान्त र उद्देश्यलाई पुनर्पुष्टी गर्दै,

भारतको दार्जीलिङमा (१५ - १८ दिसेम्बर, सन् २००५) मा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्धारा पारित तामाङ स्वविकासको अवधारणा र कार्ययोजनाहरूप्रतिको प्रतिवद्धतालाई दोहऱ्याउदै,

विश्वमा भएको सूचना र प्रविधिको विकास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सांस्कृतिक अतिक्रमण, नवउपनिवेशवाद, आर्थिक उदारीकरण, भूमण्डलीकरण, तामाङहरूको मुख्य आवादी रहेका नेपाल, भारत, भूटान, बर्मा लगायतका विश्वका धेरै देशहरूमा भएको जनताको मुक्ति आन्दोलन र राजनीतिक परिवर्तनलाई दृष्टिगत गर्दै,

हामी काठमाडौंमा २०६९ चैत्र ३, ४ र ५ गते नेपाल तामाङ घेदुङको आतिथ्यतामा अन्तर्राष्ट्रिय तामाङ परिषदद्धारा आयोजित तेस्रो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनमा सहभागी भएका विश्वका विभिन्न देशका तामाङ संघसंस्थाका प्रतिनिधिहरू विभिन्न विषयहरूमा बहश, छलफल र विचारविमर्शपछि निम्न कार्यक्रममा सहमत भई प्रभावकारी रूपमा लागू गर्ने प्रण गर्दछौं:

१) "तामाङको पहिचान र राष्ट्रिय सम्मान, अन्तर्राष्ट्रिय तामाङ परिषदको अभियान" आगामी पञ्च बर्षीय कार्यक्रमको मूल नारा हुने छ र तामाङ समाजमा सांस्कृतिक पुनर्जागरण अभियान मूल विषय हुने कुरा यो सम्मेलन घाषणा गर्दछ ।

२) यो सम्मेलन २० बर्षे तामाङ स्वविकासको अवधारणालाई अन्तर्राष्ट्रिय परिषदका सदस्यहरूले आ-आफ्नो परिस्थिति र क्षमता अनुसार कार्य योजना बनाई लागू गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

३) यो सम्मेलन तामाङहरूमा रहेको अत्यधिक विपन्नतालाई समाप्त गर्न तामाङहरूको श्रम र व्यवसायलाई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण गर्नु आवश्यक भएकोले राष्ट्रिय/अन्तर्राष्ट्रिय तामाङ विकास कोष/बैंक/सहकारी आदिको स्थापना हेतु देशी तथा वैदैशिक स्रोत-साधन परिचालन गर्ने प्रतिवद्धता जोहर गर्दै स्थानीय स्तरमा: एक गाउँ, एक घेदुङ, एक सहकारीको व्यवस्था गर्ने अभियान चलाउने वचनवद्धता गर्दछ ।

४) यो सम्मेलन धर्म र संस्कृति वीचको भिन्नता र सम्बन्धलाई पर्गेल्दै विभिन्न मुलुक र स्थानका तामाङहरूको संस्कारमा रहेको भिन्नतालाई एकरूपतामा ल्याउनु र कतिपय प्रचलनलाई समयानुकुल बनाउन अन्तर्राष्ट्रिय तामाङ संस्कार संस्कृति निर्देशिका लागू गर्ने र विवाह संगठन नै तामाङ समाजको एकताका आधार र समतामूलक समाजको बिशिष्ट संरचना भएकोले यसै निर्देशिकामा संलग्न अनुसूची १ मा उल्लेखित स्वाँगेसम्बन्धी व्यवस्थालाई पालन गर्दै त्यसको खोज अनुसन्धानद्वारा अझ समृद्ध पार्ने तथा हिजो अन्जानमा भएका बैबाहिक सम्बन्धलाई विर्सदैं, अव आइन्दा कडाईका साथ लागू गर्ने अभियान सन्चालन गर्ने प्रतिवद्धता जोहर गर्दछ ।

४) तामाङ शब्दकोष निर्माणको काम प्रारभ्भ भई केही काम भएपनि हालसम्म नसकिएकाले १ बर्षभित्र पूरा गर्ने यो सम्मेलन वचनवद्धता व्यक्त गर्दछ ।

५) यो हिमाली भू-भागको ताम्सालीङ हामी सम्पूर्ण तामाङहरूको साझा आदि (उत्पत्ति) थलो भएको र यहीबाट हामी आधुनिक राज्यका सीमारेखाहरू निर्धारित हुनुभन्दा अगाडि नै फैलिएको, र यो पुण्यभूमि जहाँ हाम्रा पूर्वजहरूले जीवन बिताए, हाम्रा देवीदेताले बास गरे, जहाँ हाम्रा कइरन र गाथाहरू जन्मे र इतिहासको सृजना भयो, जहाँ हामीले आफ्नो भाषा हुर्कायौं, चाड र उत्सबहरू मनायौं र जहाँबाट हाम्रो भौतिक र सांस्कृतिक अस्तित्व फैलियो, जहाँबाट हामीले प्रकृतिलाई अनुकुल बनाउन आफ्नै खाना, बस्ने बास, लाउने भेषभुषा, औषधीमुलो, ज्ञान, विज्ञान, प्रविधिको विकास गऱ्यौं र यही नै हाम्रो सभ्यताको पहिलो दियो थियो र यही नै भावी तामाङ सन्ततीहरूको पहिचान र सांस्कृतिक अस्तित्वको आधारका रूपमा बलिरहने हाम्रो आस्था र विश्वास भएकोले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा "ताम्सालीङ स्वायत्त प्रदेश/राज्य" निर्माण गर्ने संघर्षलाई यो सम्मेलन जोडदार ऐक्यवद्धता र सर्मथन गर्दछ ।

६) यो सम्मेलन तामाङ जातिको संस्कार, संस्कृति र धर्मको अभ्याश, संरक्षण, प्रबर्द्धनका लागि तामाङ सामुदायिक सांस्कृतिक केन्द्र, बौद्ध विश्वविद्यालय, मातृभाषामा शिक्षाको व्यवस्था आीद गर्नका लागि नेपाल, भारत, भूटान, म्यानमार लगायतका सरकारलाई आह्वान गर्दछ ।

७) हरेक व्यक्तिका मानवअधिकारलाई सम्मान गर्दै कतिपय कारणले तामाङ धर्म संस्कार संस्कृतिबाट विचलन भई तामाङ पहिचान र तामाङ समाजभित्र सामाजिक सांस्कृतिक संद्भाव खलबलिन पुगेकाले सम्पूर्ण तामाङहरूलाई आफ्नो परम्परागत संस्कार, संस्कृति, रीतिथिति र तामाङ धर्ममा फर्कन यो सम्मेलन आह्वान गर्दछ ।

८) बिभिन्न देशमा गठित तामाङ संघसंस्थाहरूको नाममा विविधता रहेकाले एकरूपतामा ल्याउन यो सम्मेलन हार्दिक अपिल गर्दछ ।

९) विभिन्न मुलुकमा रहेका तामाङ र तामाङ संघसंस्थाहरूसंग समन्वय राखि आवश्यक स्रोत साधन जुटाई ग्रामिण समुदायमा रहेका विपन्न तामाङहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका विकासका लागि विविध कार्ययोजनाहरू तय गरी कार्यान्वयन गर्न यो सम्मेलन सबैमा अपिल गर्दछ ।

१०) विभिन्न मुलकमा गई पेशा व्यावसाय तथा रोजगार गरी बसोबास गर्ने तामाङहरूलाई गोलबन्द गर्दै चेतनामुलक कार्यक्रम संचालन गर्ने र आपत विपतमा परेकाहरूलाई सहायतामुलक कार्यहरू गर्न पनि सबैमा अपिल गर्दछ ।

११) सम्मेलनबाट बनेका कार्ययोजनाहरू के, कति, कसरी कार्यान्वयन भइरहेको छ सो कार्यान्वयनको स्थिति, प्रगति र कार्यान्वयन हुन सके, नसकेको अवस्था के छ ? के कस्ता कारणले लागू हुन नसकेको हो? सो को कारण र परिणामसमेतको आवधिक प्रतिवेदन सदस्य/संस्थाले अन्तर्राष्ट्रिय तामाङ परिषदको अन्तर्राष्ट्रिय तामाङ सभामा बुझाउनु पर्ने छ र सो प्रतिवेदनमाथि छलफल गरी अन्तर्राष्ट्रिय तामाङ परिषदले आवस्यक विशेषज्ञ कमिटि मार्फत् सम्बन्धित सदस्यलाई समाधानका उपायहरू सुझाव सिफारिस गर्न यो सम्मेलन अनुरोध गर्दछ ।

१२) तेस्रो अन्तर्राष्टिय तामाङ सम्मेलनको आतिथ्यता गरी विश्वभरिका तामाङ सबैलाई सहभागि हुने, बिचार बिमर्श गर्ने, सदभाव र आत्मियता बढाउने पुन:अवसर प्रदान गरेकोमा यो सम्मेलन नेपाल तामाङ घेदुङलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

*घोषणा मिति : १८ मार्च २०१३, काठमाडौं ।*